आ.व. २०८१/०८२

बैठक संख्या ४

आज मिति २०८१/०६/२० गते आइतबारका दिन विहान ८:०० बजे यस रामपुर नगर कार्यपालिकाको चौथो कार्यपालिका बैठक नगर प्रमुख श्री रमण बहादुर थापाज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा तपसिल अनुसारको निर्णय गरियो।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री रमण वहादुर थापा | नगर प्रमुख | |
| २ | श्री बाल कुमारी थापा | नगर उपप्रमुख | |
| ३ | श्री कपिल बहादुर खाँण | वडाध्यक्ष | |
| ४ | श्री कृष्ण बहादुर दर्जी | वडाध्यक्ष | |
| ५ | श्री दामोदर पाठक | वडाध्यक्ष | |
| ६ | श्री राम बहादुर राना | वडाध्यक्ष | |
| ७ | श्री दुर्गा प्रसाद पोखेल | वडाध्यक्ष | |
| ८ | श्री दिवाकर देवकोटा | वडाध्यक्ष | |
| ९ | श्री दोवराज तिवारी | वडाध्यक्ष | |
| १० | श्री दिनेश आचार्य | वडाध्यक्ष | |
| ११ | श्री डिल वहादुर राना | वडाध्यक्ष | |
| १२ | श्री तोयानाथ सारु थापा | वडाध्यक्ष | |
| १३ | श्री देवका पोखेल | कार्यपालिका सदस्य | |
| १४ | श्री सीमा देवि थापा | कार्यपालिका सदस्य | |
| १५ | श्री माया देवी नेपाली | कार्यपालिका सदस्य | |
| १६ | श्री शारदा आचार्य | कार्यपालिका सदस्य | |
| १७ | श्री दुर्गा देवी भण्डारी गौतम | कार्यपालिका सदस्य | |
| १८ | श्री गोपाल कुमाल | कार्यपालिका सदस्य | |
| १९ | श्री यम बहादुर भुजेल घर्ती | कार्यपालिका सदस्य | |
| २० | श्री भविश्वर कुमाल | कार्यपालिका सदस्य | |
| २१ | श्री सुर्य दर्शन पण्डित | सदस्य सचिव | |

रामपुर नगरपालिकाको आ.व. २०८१/०८२ को चौथो कार्यपालिकाको बैठकका

## प्रस्तावहरु

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा

२. दशै पर्वको शुभकामना आदान-प्रदान सम्बन्धमा ।

३. विपद् सम्बन्धमा ।

४. विविध

## निर्णयहरु

१.निर्णय नं. १, प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८१/०५/२५ गते बसेको तेस्रो कार्यपालिका बैठकको निर्णयहरुको देहायबमोजिको समिक्षा गरियो ।

१.जिल्ला प्रशासन कार्यालय तानसेन, पाल्मा गई राष्ट्रिय परिचयपत्रका लागी फोटो खिचाउनु भएका तथा वितरण गर्ने सूचिमा नाम भएका सम्बन्धित वडाका नागरिकहरुलाई वडागत रुपमा मिति तोकि मिति २०८१/०५/२४ देखि उक्त कार्य सुरु मिति २०८१/०६/०४ मा सम्पूर्ण वडाको कार्य ईलाका प्रशासन कार्यालय, रामपुर, पाल्पामा गरिएको साथै सो क्रममा जिल्ला प्रशासन कार्यालय, तानसेन, पाल्पाबाट खटाइका मनोज भुसाल र सुशिल सिं लाई काममा खटिएको दिनमा बिहान र साँझको खाना मात्र खान पाउने गरी सुविधा दिने निर्णय गरिएको । त्यस्तै उक्त कार्यका लागी फर्म भर्न, नयाँको लागि फोटो खिच्न लगायतका कार्यहरुको लागि अपांग अभिभावक मैत्री संघ भवनमा नगरस्तरिय अपांगता क्षेत्र संरक्षण समितिका सदस्यहरुलाई खटाई कम्प्युटर, प्रिन्टर लगायत विद्युतजन्य सामाग्री नगरपालिकाले उपलब्ध गराई सहयोग गरिएको ।

२.रामपुर नगरपालिका लागि आ.व. २०८१/०८२ अन्तर्गत विनियोजित योजनाहरुको कार्यान्वयनका लागि वडागत रुपमा उपभोक्ता समिति तालिम मिति २०८१/०५/२४ गते सुरुवात गरि सम्पूर्ण वडामा तालीम सकिएको साथै योजना सम्झौता कार्य यथाशिघ्र गर्ने भनि निर्णय भएको ।

३.रामपुर नगरपालिकाको स्थानीय युवा परिषद ऐन २०८१ परिच्छेद ३ को दफा ५ मा परिषदको गठन अन्तर्गत स्थानीय सरकारले मनोनयन गरेको युवा उपाध्यक्ष हुने व्यवस्था भएबमोजिम उपाध्यक्षमा यस रामपुर नगरपालिका वडा नं. ५ निवासी दिपक अर्याललाई मननोयन गरिएको ।

४.नेपाल सरकार सार्वजनिक वित्तीय व्यवस्थापन निर्देशक समितिको मिति २०८१/०४/२८ गतेको पत्र बमोजिम स्थानीय तहहरुका लागि तयार गरिएको स्थानीय तहको आन्तरिक लेखापरीक्षकको आचारसंहिता, २०८१, लुम्बिनी प्रदेश अन्तर्गतका स्थानीय सभाका लेखा समितिहरुको लागि कार्य सञ्चालक मानक, नागरिक

बजेट निर्देशिका यस नगरपालिकाबाट अंगीकरणको लागि पठाईएकोमा उक्त सार्वजनिक वित्तीय व्यवस्थापनका नमुना दस्तावेजहरु अंगीकरण गरिएको ।

५.रामपुर नगरपालिका वडा नं. ५, पवित्र कालीगण्डकी नदिको तटमा रहेको धार्मिक स्थल रामघाटमा यस नगरपालिकाका ज्येष्ठ नागरिकहरुप्रति नगरपालिकाको उत्तरदायित्व र सामाजिक सुरक्षा अन्तर्गत ज्येष्ठ नागरिकहरुमा रहेका ज्ञान, सिप, अनुभव नयाँ पुस्तामा हस्तान्तरण गर्ने, विभिन्न धार्मिक क्रियाकलापमा संलग्न गराई आध्यात्मिक वातावरणमा सिर्जना गर्ने साथै नियमित सन्तुलन भोजन सहित दिवा खाजाको व्यवस्था, स्वास्थ्य परीक्षण गर्ने गरी ज्येष्ठ नागरिक स्कुल सञ्चालनमा ल्याइएकोमा उक्त स्थानमा रामपुर नगरपालिकाका विभिन्न वडाबाट ज्येष्ठ नागरिकहरुलाई ल्याउन लैजानका लागि ज्येष्ठ नागरिक स्कुल बस अति आवश्यक देखिएकोले उक्त बस निःशुल्क उपलब्ध गराईदिनका लागि भारतीय राजदुतावास काठमाडौंमा माग गरिएको ।

६.हरेक महिनामा २ पटक गरिने रामपुर नगरपालिका, नगर कार्यपालिकाको बैठक मध्ये १ वटा बैठक वडागत घुम्ति बैठकका रुपमा गर्ने साथै जनप्रतिनिधि संवाद कार्यक्रम पनि सोहि दिन सञ्चालन गर्ने निर्णय गरिएको ।

७.संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौंको पत्र संख्या ०८०/०८१, चलानी नं. ४२२, मिति २०८१/०३/०५ गतेको पत्रानुसार भारत सरकारको सहयोगमा सञ्चालन हुने उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजना (High Impact Community Development Projects, HICDPs) कार्यक्रम अन्तरगत सञ्चालन गरिने आयोजनाको लागि आयोजना प्रस्ताव पेश गर्न चाहाने इच्छुक स्थानीय तहहरुले आयोजना वर्गीकरणको आधार मापदण्ड २०८० को अधिनमा रही प्रस्ताव पेश गर्न पाउने सम्बन्धमा पत्र प्राप्त भएकोले यस रामपुर नगरपालिका अन्तर्गत कृषि उपज केन्द्र निर्माण र श्री रामतुलसी मा.वि. रा.न.पा-५ छात्राबास निर्माण गरी दुईवटा आयोजना प्रस्ताव गर्ने तथा नगरपालिकाले साझेदारी गर्नपर्ने कुल आयोजना लागतको दश प्रति समेत साझेदारी गर्ने गरी साझेदारी प्रतिबद्धता साथै तपसिल बमोजिमको कागजात समेत पेश गर्ने गरी तयारी भईरहेको ।

तपसिलः

(क)विस्तृत आयोजना प्रतिवेदन (Detail Project Report)

(ख)भवन निर्माण सम्बन्धी आयोजनाको हकमा माटो परीक्षण प्रतिवेदन

(ग)पूर्वाधार निर्माणको लागि आवश्यक जग्गाको उपलब्धता सुनिश्चित भएको प्रमाण

(घ)लागत साझेदारी प्रतिबद्धता सम्बन्धमा कार्यपालिकाको निर्णय र औपचारिक पत्र

CamScanner

२. निर्णय नं. २, प्रस्ताव नं. २ माथि छलफल गर्दा आउदै गरेको महान पर्व विजया दशमी/ वडा दशौ, २०८१ को अवसरमा उपस्थित सम्पूर्ण बीच शुभकामना आदनप्रदान गरियो ।

३. निर्णय नं. ३, प्रस्ताव नं. ३ माथि छलफल गर्दा मिति २०८१/०६/११ देखि १३ गते सम्म भएको वर्षा र बाढी पहिरोले यस नगरपालिका क्षेत्रभित्रका विभिन्न क्षेत्रमा वाढी, पहिरो गएकोमा तपसिल बमोजिमको क्षेत्रमा पूर्ण रुपमा आवतजावत हुन नमिल्ने गरी क्षती भएकोले सम्वन्धित वडाका प्राविधिक कर्मचारीले तयार गरेको लागत इस्टिमेटको आधारमा तत्काल नै मर्मत गर्ने गरी निर्णय गरियो ।

तपसिलः

| क्र.सं. | वडा नं. | स्थान | कैफियत |
|---|---|---|---|
| १ | रा.न.पा-१ | स्याउलीबजार, साखर्दी, पन्थे मिजारे | |
| २ | रा.न.पा-३ | कामीगाउ देखि ठूलोवन हुदै दुर्लुमछाप, लामडाँडा, बाह्रपन्थी थर , कुमाल ढिक | |
| ३ | रा.न.पा-४ | छत्तिनिडाँडा, गिजिनिखोला, बहखोला | |
| ४ | रा.न.पा-७ | भञ्याङ्ग बारी हुदै बासुका | |

४. निर्णय नं. ४, प्रस्ताव नं. ४ माथि छलफल गर्दा रामपुर नगरपालिका मर्मत सम्भार कोष सञ्चालन कार्यविधि, २०८१ र रामपुर नगरपालिका जनप्रतिनिधिसँग संवाद कार्यक्रम कार्यविधि, २०८१ गरी दुईवटा कार्यविधिका सम्बन्धमा छलफल गरी आवश्यक संशोधन सहित  पास गर्ने निर्णय गरियो ।

५. निर्णय नं. ५, प्रस्ताव नं. ४ माथि छलफल गर्दा प्लाष्टिकजन्य फुल तथा मालाले वातावरणीय प्रदुषण हुनका साथै मानव स्वास्थ्यमा समेत प्रतिकुल असर पार्ने, स्थानीय कृषकबाट उत्पादित फूलले बजार नपाउने तथा ठुलो धनराशी बाहिरिने जस्ता समस्याहरु देखिने भएकोले नेपालीहरुको आउदै गरेको महान पर्व विजया दशमी, शुभ दिपावली, नेपाल संवत तथा छठ पर्व लगायत विभिन्न महत्सोव तथा अन्य सभा समारोहमा प्लाष्टिककजन्य फूलगुच्छा, माला लगायतका सामाग्रीहरुको प्रयोग, उत्पादन, आयात, बिक्री वितरण र भण्डारण नगर्न नगराउनुहुन साथै नगर क्षेत्रभित्र उत्पादन गरेको सयपत्री फूलहरु लगायत विभिन्न स्थानहरुमा सयपत्री, गोदावरी, मखमली लगायतका फूलहरु उत्पादन भईरहेको परिप्रेक्षमा प्राकृतिक रुपमा उत्पादन भएका उक्त फूलहरु एवम् सो बाट बनेका मालाहरु मात्र प्रयोग गर्न हुन सम्बन्धित सबैमा सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

६. निर्णय नं. ६, प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस रामपुर नगरपालिकाको आ.व. २०८१/०८२ का लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत तपसिल बमोजिमका योजनाहरु कार्यान्वयन गर्ने गरी निर्णय गरियो ।

तपसिलः

| आर्थिक वर्ष २०८१/०८२ | | | |
|---|---|---|---|
| सि.नं. | वडा नं. | आयोजनाको नाम | कैफियत |
| १ | १ | वडा भित्रका गोरेटो तथा मोटर बाटो मर्मत | |
| २ | १ | वडा भित्रका मठ,मन्दिर,पाटी,पौवा,चौतारो संरक्षण र मर्मत | |
| ३ | २ | रानिघाट शवदहन सिढी निर्माण | |
| ४ | ३ | नर्मदा चौतारी निर्माण योजना | |
| ५ | ३ | वडाभित्रका नयाँ नाली निर्माण योजना | |
| ६ | ४ | सार्वजनिक स्थल मठ मन्दिर पाटी पौवा धारा कुवा निमार्ण तथा मर्मत योजना | |
| ७ | ४ | वडा भित्रका मो.वा. तथा गोरेटो बाटो मर्मत | |
| ८ | ५ | बृक्षारोपण कार्यत्रम अन्तगत सार्वजनिक जग्गाहरुमा रोपण गरिएको बिरुवाहरुको संरक्षण तथा सम्वद्धन योजना | |
| ९ | ५ | शहिद पार्क मर्मत तथा निमार्ण योजना | |
| १० | ६ | आधारभुत स्वास्थ्य सेवा केन्द्र पर्खाल निमार्ण | |
| ११ | ६ | ज्यादी दोभान घाटमा सिढी निमार्ण | |
| १२ | ७ | शितलनगर टोलको गणेश मन्दिर जाने बाटोको सिढी निमार्ण | |
| १३ | ७ | श्री धर्मोदय दशावतार बालन दशधाम निमार्ण साझेदारी कार्यक्रम | |
| १४ | ८ | वडा भरिका खालि जमिनमा उत्पादमूलक बृक्षारोपण | |
| १५ | ८ | वडा भरिका अप्ठयारोर/पर्यटकीय क्षेत्रका लागी नयाँ बाटो /ट्र्याक निमार्ण | |
| १६ | ९ | तुरुन्दी,बरभञ्ज्याङ्ग,स्वामीडाडाँ,कोटडाँडा,पिलुवा र लाम्दीखोला अन्तरगतका बाटोहरु निमार्ण | |
| १७ | ९ | जव्गादी मसानेचौर,मधुकोट,सेगीडहर, सोतीडाँडा,अर्वसिंङ,साठी पाइला,देउराली, मन्छेलुङ् देखी मन्टाहा सम्मको बाटोहरु मर्मत । | |
| १८ | १० | सिन्दुरे पानी मुल्याहा,खरक कुलो मर्मत योजना | |
| १९ | १० | च्याङ्लीङठूलो कुलो, शालधारी प्रतिक्षालय तथा कुमालगाँउ धारा ठाडो बाटो नाली निमार्ण योजना | |

७. निर्णय नं. ७, प्रस्ताव नं. ४ माथि छलफल गर्दा रामपुर नगरपालिका वडा नं. ५ राङ्गभाङ्ग किसानबारी जोडने सडकखण्ड अविरल वर्षका कारणले पूर्ण रुपमा क्षती पुगेकोले सो स्थानमा मर्मतका लागि आवश्यक पहल गर्ने साथै नगरपालिका स्थित अन्य विभिन्न ठाँउमा समेत मर्मत गर्नुपर्ने भएकोले सोको मर्मतका लागि जाली माग गर्न जिल्ला प्रशासन कार्यालय, तानसेन, पाल्पामा माग गर्ने निर्णय गरियो ।

८. निर्णय नं. ८, प्रस्ताव नं. ४ माथि छलफल गर्दा परम्परा देखि चल्दै आएको कोटपूजा कार्यको लागि वितगका वर्षहरुमा जस्तै यस आर्थिक वर्षको विजया दशमीको उपलक्ष्यमा गरिने कोटपूजाको लागि "विभिन्न सांस्कृतिक चाडपर्व खर्च" शिर्षकबाट कट्टा हुने गरि तपसिल बमोजिमका कोटहरुमा प्रतिकोट रु १५,०००/- का दरले कोटपूजा खर्च उपलब्ध गराउने।

१. बर्दाकोट कोटघर - वडा नं १
२. दुर्गा देवी कोटघर - वडा नं २
३. ऐतिहासिक कोटघर बोटेगाँउ, वडा नं.३
४. मौलाथर कोटघर - वडा नं ४
५. मौलाकालिका कोटघर - वडा नं ७, मुडीखोप
६. अकलाकालिका कोटघर - वडा नं ७, बाहुनडाँडा
७. कोटडाँडा कोटघर - वडा नं ९
८. भिमा देवी कोटघर — वडा नं १०, मगरे
९. दुर्गा भवानी कोटघर — वडा नं १०, मौलाथर

९. निर्णय नं. ९, प्रस्ताव नं. ४ माथि छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६० बमोजिम रामपुर नगरपालिका अन्तर्गत पार्किङ्ग हुने सवारी साधनहरुलाई पार्किङ्ग गर्ने व्यवस्था मिलाउदै नगरको आन्तरिक आय संकलन तथा पार्किङ्ग शुल्क उठाउने कार्य ठेक्काद्वारा गर्ने कार्यका लागि पार्किङ शुल्क उठाउनका लागि सिलवन्दी दरभाउ पत्र आव्हान सम्बन्धी सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

१०. निर्णय नं. १०, प्रस्ताव नं. ४ माथि छलफल गर्दा श्री ज्योति पुञ्ज युवा क्लब, रामपुर-७ पाल्पाका अध्यक्ष सुदिप गौतमले मिति २०८१/०६/०७ गतेको पत्रानुसार उक्त क्लबको आयोजनामा मिति २०८१ कार्तिक महिनाको ३ गते देखि हुन लागेको ज्योति पुञ्ज कप फुटवल प्रतियोगिता २०८१

सञ्चालनका लागि आवश्यक सहयोग माग गरेकोमा नगर खेलकुद कार्यक्रम(मेयर कप लगायत अन्य प्रशिक्षणमुलक कार्यक्रम) शीर्षकबाट कट्टा हुने गरी रु १०,००,०००/-(रु दश लाख मात्र) सहयोग गर्ने निर्णय गरियो ।

११. निर्णय नं. ११, प्रस्ताव नं. ४ माथि छलफल गर्दा रामपुर नगरपालिकाको मिति २०८१/०५/२५ गते बसेको बैठक बमोजिम रामपुर नगरपालिकाको स्थानीय युवा परिषद ऐन २०८१ परिच्छेद ३ को दफा ५ मा परिषदको गठन अन्तर्गत स्थानीय सरकारले मनोनयन गरेको युवा उपाध्यक्ष हुने व्यवस्था भएबमोजिम उपाध्यक्षमा यस रामपुर नगरपालिका वडा नं. ५ निवासी दिपक अर्याललाई मननोयन गर्ने निर्णय गरिएकोमा रामपुर नगरपालिकाको स्थानीय युवा परिषद ऐन २०८१ मा थप अध्ययन र परिमार्जन गर्नुपर्ने हाललाई उक्त निर्णय कार्यान्वयन नगर्ने निर्णय गरियो ।

१२. निर्णय नं. १२, प्रस्ताव नं. ४ माथि छलफल गर्दा नेपालको संविधानको धारा ५७ को उपधारा (४) बमोजिम अनुसूची ८ को बुँदा नं. ४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३ को उपदफा (३), स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (१) साथै लुम्बिनी प्रदेश मनोरञ्जन कर नियमावली, २०७६ बमोजिम चलचित्र घर, नाटकघर,भिडियोघर, थियटर,सर्कस, जादु, चटके,सांस्कृतिक प्रदर्शनी, व्यापार मेला, दोहरी साँझ, डान्सबार, फन पार्क, वाटर गार्डेन, बाल उद्यान, केवल नेटवर्क र डिस टेलिभिजन साथै प्रवेश टिकट लिएर सञ्चालन गरिने मनोरञ्जनात्मक व्यवसायहरुले स्थानीय तहमा अनिवार्य रुपमा अनुमति लिएर नियमानुसार मनोरञ्जन कर बुझाई सञ्चालन गर्नुपर्ने व्यवस्था भएकोमा यस नगर क्षेत्रभित्र कतिपय मनोरञ्जन सम्बन्धी व्यवसाय सञ्चालनकर्ताले विना अनुमति मनोरञ्जन कर नतिरि सञ्चालन गरिरहेकोले २०८१ साल कार्तिक मसान्तभित्र सम्पूर्ण विवरण सहित नियमानुसार अनुमति लिन तथा कर बुझाउने सम्बन्धमा सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

१३. निर्णय नं. १३, प्रस्ताव नं. ४ माथि छलफल गर्दा तपसिल बमोजिमका शिर्षकहरुवाट तपसिल बमोजिमको सहयोग गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | नामथर | वडा नं. | विवरण | राहत लिएको रकम | शीर्षक |
|---|---|---|---|---|---|
| १. | सरिता उचै | रामपुर १ | धन बहादुर उचैको मृत्यू भएकोले क्रिया खर्च सहयोग माग | १०,०००/- (रु दश हजार मात्र) | विपद व्यवस्थापन कोष |
| ३. | याम कुमारी खवास | रामपुर ५ | तुल बहादुर खवासको मृत्यु भएकोले क्रिया खर्च सहयोग माग | १०,०००/- (रु दश हजार मात्र) | विपद व्यवस्थापन कोष |
| ४. | भिम बहादुर सारु | रामपुर ८ | शारिरिक रुपमा असक्त भएको र थप उपचारका लागि आर्थिक सहयोग माग | १०,०००/- (रु दश हजार मात्र) | आर्थिक सहायता (औषधी उपचार खर्च लगायत अन्य) |
| ६. | राम प्रसाद भट्टराई | रामपुर ५ | विभिन्न रोगले ग्रसित भई उपचारका लागि आर्थिक सहयोग माग | २०,०००/- (रु बीस हजार मात्र) | आर्थिक सहायता (औषधी उपचार खर्च लगायत अन्य) |
| ७. | तुल बहादुर विक | मुसीकोट न.पा.१ गुल्मी | खुट्टा काटीएकोले थप उपचारका लागि आर्थिक सहयोग माग | ५,०००/- (रु पाँच हजार मात्र) | आर्थिक सहायता (औषधी उपचार खर्च लगायत अन्य) |
| ८. | देविसरा सार्की | रामपुर ९ | बुद्धिमान सार्कीको मृत्यु भएको र आर्थिक अवस्था कमजोर रहेकोले क्रिया खर्च सहयोग | १०,०००/- (रु दश हजार मात्र) | विपद व्यवस्थापन कोष |
| ९. | गीता दमै | रामपुर ७ | ससुरा बुवा शन्त बीर दमै प्यारालाईसिस भई विरामी भएको र थप उपचारका लागि आर्थिक सहयोग माग | १०,०००/- (रु दश हजार मात्र) | विपद व्यवस्थापन कोष |

CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| १०. | एन बहादुर राना | रामपुर ५ | श्रीमति पवित्रा कुमारी रानाको मृत्यु भएको र आर्थिक अवस्था कमजोर रहेकोले आर्थिक सहयोग माग | १०,०००/- (रु दश हजार मात्र) | विपद व्यवस्थापन कोष |
| १८. | जाकिर हुसेन | रामपुर ४ | निजको भाई गुलाम नबि मियाँ भारतको गोरखपुरमा दुर्घटना भई दुवै खुट्टामा चोट लागेको उपचारका लागि आर्थक अवस्था कमजोर भएकोले आर्थिक सहयोग माग | २०,०००/- (रु बीस हजार मात्र) | विपद व्यवस्थापन कोष |
| १९. | टिकाराम दमै | रामपुर ४ | मुटु सम्बन्धी रोग लागेको र उपचारका लागि आर्थिक अवस्था कमजोर रहेको | १०,०००/- (रु दश हजार मात्र) | विपद व्यवस्थापन कोष |
| २०. | सायरा खातुन मियाँ | रामपुर ४ | टाउको सम्बन्धी रोग लागेको नियमित औषधी सेवन गर्नु परेकोले आर्थिक समस्या | १०,०००/- (रु दश हजार मात्र) | विपद व्यवस्थापन कोष |
| २४. | विर बहादुर नेपाली | रामपुर ९ | जण्डिस,सुगर ,शरिरको भित्रि भागमा घाउ आएको र अप्रेशन गर्नु पर्ने भएकोले आर्थिक सहयोग माग | १२,०००/- (रु बाह्र हजार मात्र) | विपद व्यवस्थापन कोष |
| २५. | नुरमाया कामी | रामपुर १ | अविरल वर्षाका कारण घर भत्किएको | २०,०००/- (रु बीस हजार मात्र) | विपद व्यवस्थापन कोष |

CamScanner

१४. निर्णय नं. १४, प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिका स्वास्थ्य शाखा अन्तर्गत खालीवन स्वास्थ्य चौकीमा दरबन्दी रही कामकाजको लागि रामपुर नगरपालिका स्वास्थ्य शाखामा कार्यरत कर्मचारी संकेत नं. २१०८१५ सि.अ.हे.व. पाँचौ पदमा कार्यरत एलिना सारु थापाले घरायसी कामका लागि मिति २०८१ मंसिर १ देखि २०८२ कार्तिक मसान्तसम्म असाधारण बिदा सिफारिसका लागि निवेदन पेश गर्नुभएकोमा नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को दफा ५४ उपदफा १ बमोजिम सम्बन्धित मन्त्रालय/विभागमा असाधारण बिदाका लागि सिफारिस गर्ने निर्णय गरियो ।

१५. निर्णय नं. १५, प्रस्ताव नं. ४ माथि छलफल गर्दा हिन्दु धर्मालम्बीहरुको महान चाड दशैंको २०८१ को अवसरमा मिति २०८१/०६/२४ गते देखि मिति २०८१/०६/२८ गते र शुभ दिपावली २०८१ को अवसरमा मिति २०८१/०७/१५ गते देखि मिति २०८१/०७/१९ गते सम्म सार्वजनिक बिदा हुने भएकोले सो अवधिमा यस नगर कार्यपालिकाको कार्यालयको साथै आवश्यक परेको खण्डमा नगर क्षेत्रभित्रको सुरक्षातार्थ खटिने नगर प्रहरीहरुलाई भत्ता बापतको रकम प्रति व्यक्ति रु ५०० का दरले उपलब्ध गराउने निर्णय गरियो ।